# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६ ) काठमाडौं, वैशाख २१ गते २०४३ साल ( पूर्वातिरिक्ताङ्क ५ ( ख )

## भाग ४

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

राष्ट्र ऋण ऐन, २०१७ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले राष्ट्र ऋण नियमहरू, २०२० को नियम ४ को उप-नियम (१) बमोजिम राष्ट्र ऋण उठाउन ऋणपत्र निष्काशित गर्ने यो सूचना प्रकाशित गरिएको छ ।

यो ऋणपत्रको जम्मा मूल्य, भुक्तानी अवधि, ब्याजको दर, ब्याज भुक्तानी समय र अन्य शर्तहरू निम्नबमोजिम खुलाइएको छ ।

१. ऋणको नाम : यस ऋणको नाम "विकास ऋण २०५४" रहेको छ ।

२. ऋणको उद्देश्य : विभिन्न विकास योजनाहरूलाई चाहिने खर्च पूर्ति गर्नको लागि यो ऋण उठाइएको छ ।

३. निष्काशित ऋणको रकम : यो ऋणको जम्मा रकम रु. २५,००,००,०००।– (रु. पच्चीस करोड) मात्रको हुनेछ ।

४. ऋणको व्ययभार : यो ऋणको व्ययभार श्री ५ को सरकारको सर्व संचित कोषप्रति हुनेछ ।

५. ऋणको प्रकार : यो ऋणको ऋणपत्र कम्तीमा रु. २५।– वा २५ को गुणन फल (Multiple) ले भाग गर्दा निःशेष हुने अङ्कको स्टक वा २५।–, ५०।–, १००।–,

38

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१,०००।–, १०,०००।– वा १,००,०००।– दरको प्रमिसरी नोटको रूपमा लिन पाइनेछ ।

६. ऋणपत्रको बिक्री अवधि : यो ऋणपत्रको बिक्री अवधि २०४३ साल वैशाख २१ गतेदेखि ऐ. ३० गतेसम्म जम्मा १० दिनसम्म हुनेछ । तर सो समय अगावै बिक्री भै पूरा निष्काशित रकम उठेमा बिक्री बन्द गर्न सकिनेछ ।

७. ऋणपत्रको बिक्री मूल्य : ऋणपत्र माग गरे बमोजिम पूरापुर मूल्य (Face value) मा बिक्री गरिनेछ ।

८. ऋणपत्र खरिद गर्न दरखास्त दिनुपर्ने :

१. ऋणपत्र खरिद गर्नको लागि नेपाल राष्ट्र बैंकले तोकिदिएको ढाँचामा राष्ट्र बैंक वा त्यसको एजेण्ट सरह भै काम गर्ने अन्य कार्यालयमा दरखास्त दिन सकिनेछ ।

२. उप-दफा १ बमोजिम दरखास्त दिंदा जतिको ऋणपत्र खरिद गर्न चाहेको छ त्यसको पूरा रकम सो कार्यालयमा बुझाई त्यसको रसीद दरखास्तसाथै पेश गर्नुपर्नेछ ।

३. दरखास्त फाराम निःशुल्क पाइनेछ ।

९. बढी रकम स्वीकृत गर्ने नगर्ने अधिकार : निष्काशित रकमभन्दा बढी ऋण प्राप्त भएमा त्यसलाई स्वीकार गर्ने नगर्ने अधिकार श्री ५ को सरकारको हुनेछ ।

१०. बाँडफाँड गर्ने अधिकार : प्राप्त ऋणपत्रको बाँडफाँड गर्ने अधिकार नेपाल राष्ट्र बैंकलाई प्रदान गरिएको छ ।

११. स्वीकृत नभएको ऋण फिर्ता हुने : स्वीकृत नभएको रकम नेपाल राष्ट्र बैंकबाट यथाशीघ्र दरखास्तवालालाई फिर्ता दिइनेछ । यसरी फिर्ता भएको रकममा व्याज दिइनेछैन ।

१२. स्वीकृत ऋणको प्रमाणपत्र दिने : स्वीकृत भएको ऋणको प्रमाणपत्र स्टक सर्टिफिकेट वा प्रमिसरी नोटको रूपमा दरखास्तवालाको माग अनुसार दिइनेछ । दरखास्तवालाले सो कुरा उल्लेख नगरेमा ऋणपत्र स्टककै रूपमा दिइनेछ ।

१३. ऋणको व्याज : ऋणको व्याज नेपाल राष्ट्र बैंक वा यस बैंकको एजेण्ट सरह भै काम गर्ने वाणिज्य बैंकहरू तथा वाणिज्य बैंकिङ्ग कारोवार गर्ने कृषि विकास बैंकको कार्यालयहरूमार्फत रकम बुझी लिएको मितिदेखि नै वार्षिक १०½ प्रतिशतका दरले प्रत्येक ६।६ महिनामा व्याज दिइनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. वाणिज्य बैंकहरूले खरिद गर्ने सम्बन्धमा : वाणिज्य बैंकहरूले र अन्य वित्तीय संस्थानहरूले आफ्नो नाममा खरिद गर्न चाहेमा पायक पर्ने नेपाल राष्ट्र बैंकको कार्यालय वा सेक्युरिटी खरिद बिक्री केन्द्रमार्फत खरिद गर्नुपर्नेछ ।

१५. ऋणको सांवा भुक्तानी : यो ऋणको सांवा भुक्तानी २०५४ साल वैशाख मसान्तदेखि दिइनेछ ।

१६. ऋणको भुक्तानी दिने ठाउँ : यो ऋणको सांवा र व्याज दरखास्तवालाको सुविधा अनुसार राष्ट्र बैंक वा त्यसको एजेण्ट सरह काम गर्ने वाणिज्य बैंकहरू र बैंकिङ्ग कारोवार गर्ने कृषि विकास बैंकको कार्यालयहरूमार्फत भुक्तानी दिइनेछ ।

१७. ऋणसम्बन्धी व्यवस्था : यो ऋणको व्यवस्था र तत्सम्बन्धी सबै कारवाही नेपाल राष्ट्र बैंक राष्ट्र ऋण विभागले गर्नेछ ।

१८. ऋणपत्र खरिद गर्ने अधिकार : यस ऋणको ऋणपत्रहरू खरिद गर्ने अधिकार जुनसुकै व्यक्ति, बैंक वा संस्थाहरूलाई हुनेछ ।

१९. कर नलाग्ने : यो ऋणबाट प्राप्त व्याजमा आयकर छूट दिइएको छ ।

२०. ऋणसम्बन्धी कानूनी कारवाही : यो ऋणसम्बन्धी कानूनी कारवाही प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

४१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

62

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।